# नेपाल पत्रकार महासंघ

केन्द्रीय समिति

सञ्चारग्राम, काठमाडौं

२०७५।०९।०५

प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघको केन्द्रीय समितिको आयोजना, प्रदेश नं. १ को संयोजन र मोरङ शाखाको आतिथ्यतामा आज मिति २०७५ पुस ५ गते भएको राष्ट्रिय सम्मेलन **विराटनगर घोषणापत्र** २०७५ जारी गर्दै सम्पन्न भएको छ ।

प्रदेश नं. १ का मुख्यमन्त्री शेरधन राईले उद्घाटन गर्नुभएको सम्मेलनले १८ बुँदे विराटनगर घोषणापत्र जारी गरेको हो । कार्यक्रमको उद्घाटन गर्दै मुख्यमन्त्री राईले प्रेसमैत्री ऐन कानुन निर्माणमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

महासंघका पूर्वअध्यक्ष तारानाथ दाहालले कार्यपत्र पेस गर्दै संविधान र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानुनको मर्म, भावना र व्यवस्था अनुसार तीनै तहका सरकारले कानुन बनाउनुपर्ने धारणा राख्नुभयो । अर्का पूर्व अध्यक्ष तथा महासंघका सल्लाहकार शिव गाउँलेले कार्यपत्र पेस गर्दै सञ्चार क्षेत्रले राज्यको वाच डगको रुपमा काम गर्नुपर्ने बताउनुभयो ।

महासंघका अध्यक्ष गोविन्द आचार्यले श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन र प्रेस स्वतन्त्रताका लागि महासंघले कसैसँग सम्झौता नगरी दबाबमूलक कार्यक्रम गर्ने घोषणा गर्नुभयो ।

रमेश विष्ट

महासचिव

**फोन नं** :००९७-१-४-११२७६३, ४-११२६७३, **फ्याक्स** : ४-११२७८५, **इमेल** : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org

